# बजेट सिलिङ, मार्गदर्शन र बजेट निर्माणको कार्यतालिका सार्वजनिक गरिएको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसलाई आधार लिई सिरीजङ्गा गाउँ कार्यपालिकाको मिति २०७८।०२।१९ मा बसेको बैठकले सिरीजङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८।०७९ का लागि देहाय बमोजिमको कुल आय र व्यय अनुमान (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदान बाहेक) को सिलिङ निर्धारण गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**आय तर्फ कायम सिलिङ-**

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | १२१३००.०० | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | ७६८५७.०० | |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ७०३८.०० | |
| ४ | सवारीसाधन कर बाँडफाँड (प्रदेश सरकार) | ३८४२.९० | |
| ५ | रोयल्टी बाँडफाँड (नेपाल सरकार) | ५००.०० | |
| ६ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १०००.०० | |
| ७ | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | ५००.०० | |
| ८ | आन्तरिक आय (बैक मौज्दात सहित) | २२४६२.१० | |
| **जम्मा** | | **२३३५००.००** | |

**व्यय तर्फ कायम सिलिङ-**

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च तर्फ | ६९२५०.०० | |
| २ | आर्थिक विकास तर्फ | ९७००.०० | |
| ३ | सामाजिक विकास तर्फ | ३७५५०.०० | |
| ४ | पुर्वाधार विकास तर्फ | ९९०००.०० | |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | ६०००.०० | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | २०००.०० | |
| ७ | समपुरक कोष तर्फ | १००००.०० | |
| **जम्मा** | | **२३३५००.००** | |

## कुल व्यय तर्फबाट कायम गरिएको सिलिङबाट विषयक्षेत्रगत/वडागतरुपमा कायम गरिएको सिलिङः

| सि नं. | विषयक्षेत्रगत व्यय शीर्षक | गाउँ कार्यपालिका तर्फ कायम गरिएको सिलिङ (रु.हजारमा) | ८ वटै वडा तर्फ कायम गरिएको वडागत सिलिङ (रु.हजारमा) | | | | | | | | कायम गरिएको जम्मा सिलिङ रकम (रु.हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ नं. वडा | २ नं. वडा | ३ नं. वडा | ४ नं. वडा | ५ नं. वडा | ६ नं. वडा | ७ नं. वडा | ८ नं. वडा | |
| १ | गाउँ कार्यपालिका चालु खर्च | ६९२५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६९२५०.०० |
| २ | आर्थिक विकास | २५००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९००.०० | ९७००.०० |
| ३ | सामाजिक विकास | ३५१५०.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३००.०० | ३७५५०.०० |
| ४ | पुर्वाधार विकास | ८३०००.०० | १०००.०० | ५०००.०० | ३०००.०० | १०००.०० | २०००.०० | २०००.०० | १०००.०० | १०००.०० | ९९०००.०० |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ६०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६०००.०० |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह | २०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०००.०० |
| ७ | समपुरक कोष | १००००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००००.०० |
| कुल जम्मा | | २०७९००.०० | २२००.०० | ६२००.०० | ४२००.०० | २२००.०० | ३२००.०० | ३२००.०० | २२००.०० | २२००.०० | २३३५००.०० |

## आगामी आर्थिक वर्ष २०७८।०७९ को वार्षिक वजेट तर्जुमाको विषयक्षेत्रगत मार्गदर्शनः

### क. आर्थिक विकास तर्फ-

- "सिरीजङ्गाको सान, उद्यमशील किसान" नामक कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै वडाका टोलमा स्थानीय हावापानी र भूगोल सुहाउँदो कृषकको मागमा आधारित कृषिजन्य उत्पादन अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने।
- दीर्घकालमा गाउँपालिकाको आम्दानी अभिवृद्धि हुने खालका कार्यक्रम समावेश गर्ने।

### ख. सामाजिक विकास तर्फ-

- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रणका लागि उपयुक्त कार्यक्रम समावेश गर्ने।

- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क अध्यापन गराउने, कक्षा १ देखी कक्षा ५ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई स्कुल ब्याग र पोशाक निःशुल्क उपलब्ध गराउने, निःशुल्क छात्रवृत्तिमा उच्च शिक्षा अध्यापन गराउने लगायतका शिक्षासँग सम्बन्धित विगतमा अख्तियार गरिएका कार्यक्रमहरुलाई निरन्तरता दिने।
- सामाजिक समावेशीकरणमा टेवा पुर्याउने किसिमका कार्यक्रमहरु समावेश गर्ने।
- "गाउँमै रोजगार, गर्वको आधार" नामक कार्यक्रमलाई निरन्तरता दिने गरी कार्यक्रम तर्जुमा गर्ने।
- "सीप सिकौं, रोजगार बनौं" अभियान कार्यान्वयनलाई निरन्तरता दिने गरी कार्यक्रम तर्जुमा गर्ने।
- नागरिक उपचार सहायता कोषमा पर्याप्त रकम विनियोजन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।

ग. <u>पुर्वाधार विकास तर्फ</u>-

- गाउँपालिकाको प्रमुख प्रशासकीय भवन, विभिन्न ६ वटा वडाको प्रशासकीय भवन लगायतका अन्य वहुवर्षीय एवम् क्रमागत आयोजना सम्पन्न गर्नका लागि आवश्यक बजेटको सुनिश्चितता सहित कार्यक्रम तर्जुमा गर्ने।
- पुर्वाधार विकास तर्फ रु. ३ लाखभन्दा माथिका आयोजना मात्र सञ्चालनमा ल्याउने गरी कार्यक्रम तर्जुमा गर्ने।
- मर्मतसम्भार कोषको दिगोपनाका लागि उपयुक्त रकम विनियोजन गर्ने।
- नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायसँगको साझेदारीमा सञ्चालनमा गरिने आयोजनाको पहिचान गरी त्यस्ता आयोजनामा गाउँपालिकाको तर्फबाट व्योहोर्नुपर्ने साझेदारीको रकम यकीन गरी उपयुक्त रकम विनियोजन गर्ने।

घ. <u>वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ</u>-

- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण गाउँपालिका क्षेत्रभित्र रोकथाम तथा नियन्त्रण गर्ने किसिमका क्रियाकलापलाई पहिलो प्राथमिकतामा समावेश गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।
- प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।

ङ. <u>सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ</u>-

- नियमित सेवा प्रवाहका लागि गाउँ कार्यपालिकाको चालु खर्च शीर्षक तर्फ आवश्यक पर्ने रकम विनियोजन गर्ने।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम तर्जुमा गर्ने।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु तर्जुमा गर्ने।

**पुनश्चः** विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङले निषेधाज्ञा आदेश जारी गरेको परिप्रेक्ष्यमा वस्तीस्तरमा गई आयोजना तथा कार्यक्रम संकलन गर्दा संक्रमण फैलिन सक्ने जोखिम देखिएको हुँदा सामाजिक सञ्जाल एवम् टेलिफोनका माध्यमबाट सबै टोल विकास संस्थाहरुसँग समन्वय गरी आयोजना तथा कार्यक्रम संकलन गर्ने व्यवस्था मिलाउन सबै वडा समितिलाई गाउँ कार्यपालिकाको बैठकले नै निर्देशन दिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

## बजेट निर्माणको कार्यतालिका

| सि. नं. | कार्यसम्पादनका लागि जिम्मेवार निकायको नाम | सम्पादन गर्ने क्रियाकलाप | क्रियाकलाप सम्पन्न गरी सक्नुपर्ने अवधि |
|---|---|---|---|
| १. | सार्वजनिक सेवा तथा क्षमता विकास समिति | सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेसम्म। |
| २. | आर्थिक विकास समिति | आर्थिक विकास क्षेत्रका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेभित्र। |
| ३. | सामाजिक विकास समिति | सामाजिक विकास क्षेत्रका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेसम्मभित्र। |
| ४. | पुर्वाधार विकास समिति | पुर्वाधार विकास क्षेत्रका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी | २०७८ जेठ २५ गतेसम्मभित्र। |

| | | | |
|---|---|---|---|
| | | बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | |
| ५. | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेसम्मभित्र। |
| ६. | गाउँ कार्यपालिकाको कार्यालय | चालु खर्चका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेभित्र। |
| ७. | सबै वडा समिति | आ-आफ्नो वडाका लागि निर्धारित सिलिङभित्र रही मार्गदर्शन बमोजिमको कार्यक्रम तर्जुमा गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने। | २०७८ जेठ २५ गतेभित्र। |
| ८. | बजेट तथा कार्यक्रम तर्जुमा समिति | गाउँ कार्यपालिकाको कार्यालय, सबै विषयगत समिति, सबै वडा समितिबाट प्राप्त कार्यक्रमलाई समावेश गरी मार्गदर्शन बमोजिम कार्यक्रमहरु समावेश गरिएको सिरीजङ्गा गाउँपालिकाको विनियोजन विधेयक, २०७८ को मस्यौदा तयार गरी गाउँपालिकाका अध्यक्ष ज्यू मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने। | २०७८ असार २ गतेभित्र। |
| ९. | स्थानीय राजस्व परामर्श समिति | सिरीजङ्गा गाउँपालिकाको आर्थिक विधेयक, २०७८ को मस्यौदा तर्जुमा गरी गाउँपालिकाका अध्यक्ष ज्यू मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने। | २०७८ असार २ गतेभित्र। |

| | | | |
|---|---|---|---|
| १०. | गाउँ कार्यपालिका | सिरीजङ्घा गाउँपालिकाको आर्थिक विधेयक, २०७८ र सिरीजङ्घा गाउँपालिकाको विनियोजन विधेयक, २०७८ तर्जुमा गरी मिति २०७८ असार ३ गते बस्ने सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (नवौं) मा स्वीकृतीका लागि पेश गर्ने। | २०७८ असार २ गते। |